## लमही नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय, लमही,दाङ

# निशुल्क स्वास्थ्य सेवा संचालन सम्वन्धी निर्देशिका, २०७४

# निशुल्क स्वास्थ्य सेवा संचालन सम्वन्धी निर्देशिका, २०७४

लमही नगरपालिकाको प्रथम नगर सभा वाट पारित नीति तथा कार्यक्रम, २०७४ बमोजिम तय गरिएको प्रमुख नीति मध्य लमही नगरवासिहरुको स्वास्थ्य सेवामा पहुँच तथा सेवा प्रवाहलाई क्रमिकरुपमा निशुल्क गर्दै गुणस्तर सेवा प्रवाहमा सहयोग पुऱ्याउन यस निशुल्क स्वास्थ्य सेवा संचालन कार्यक्रम प्रभावकारी , पारदर्शि र एकरुपता कायम गर्न यस निर्देशिकाको आवश्यकता महसुस गरि जारि गरिएको हो ।

यस लमही नगरपालिका क्षेत्रमा स्वास्थ्य सेवा प्रदान गर्ने २ वटा स्वास्थ्य चौकी, २ वटा नगर स्वास्थ्यकेन्द्र र एक लमही अस्पताल रहेको छ । चालु आ.व २०७४।२०७५ का लागि स्वास्थ्य नीति अन्तरगत संचालन हुने निसुल्क स्वास्थ्य सेवा लमही अस्पताल बाट संचालन गरिने भएको हुदा सो संचालनका लागि आवश्यक विधि,प्रकृया आदिका विषयहरुमा यस निर्देशिकामा भय बमोजिम रहनेछ ।

**१. निशुल्क स्वास्थ्य सेवा पाउने सेवाग्राही सम्वन्धी ब्यवस्था ।**

१.१ यस निशुल्क स्वास्थ्य सेवा लमही अस्पताल ,लमही दाङ वाट मात्र प्राप्त गर्ने सकिनेछ ।

१.२ यो सेवा लमही नगर क्षेत्रको जुसुकै वडामा बसोवास गर्ने स्थायी बसोवास गर्ने नागरिकले प्राप्त गर्ने सक्नेछ ।

१.३ यो सेवा लिनका लागि ५९ बर्ष ३६४ दिन नाघेको वा ४ बर्ष ३६४ दिन सम्मका ब्यक्तिले मात्र लिन सक्नेछ ।

१.४ सो सेवा लिनका लागि नेपाल सरकार द्धारा जारी गरेको माथि उल्लेखीत विषयहरु प्रस्ट खुल्ने परिचय पत्र भएको ब्यक्तिले मात्र पाउनेछ ।

१.५ लमही नगरपालिका कार्यालयमा कार्यरत सबै कर्मचारीहरुले यो सेवा प्राप्त गर्ने सक्नेछन् ।

**२. निशुल्क सेवा सम्वन्धी ब्यवस्था ।**

२.१ लमही अस्पतालमा रहेको ल्याव, ऐक्सरे र ईसिजी सेवा ।

२.२ नेपाल सरकारले प्रदान गर्ने निशुल्क औषधिहरु वाहेकका थप औषधिहरु (cut item )

**३. औषधि तथा औजार खरिद सम्वन्धी ब्यवस्था ।**

३.१ निशुल्क स्वास्थ्य सेवा प्रदानका लागि आवश्यक औषधिहरु लमही नगरपालिकाले खरिद गरि उपलब्ध गराउनेछ

३.२ औषधि बाहेकाका लमही अस्पतालले प्रदान गरेको सेवाहरुको सुल्क लमही नगरपालिका र लमही अस्पताल विच भएको सम्झौता बमोजिम प्रदान गर्नेछ ।

३.३ सेवा प्रदानका गर्नेका लागि आवश्यक औषधीहरु आवश्यकता बमोजिम खरिद गरिनेछ ।

३.४ वस्तु तथा  सेवा खरिद गर्दा सार्वजनीक खरिद ऐन २०६४ र नियमावलि २०६५ बमोजिम खरिद गरिनेछ ।

**४. सेवा संचालनका लागि कर्मचारी तथा पुर्वाधार सम्वन्धी ब्यवस्था ।**

४.१ निशुल्क सेवा संचालनका लागि लमही नगरपालिकाले सेवा करारमा १ जना अ.हे.व. , १ जना अ.न.मी र कार्यालय सहयोगी १ जना कार्यक्रम संचालन अवधिका लागि मात्र सेवामा लिनेछ ।

४.२  अ.हे.व / अ.न.मी का लागि मासिक पारिश्रमिक रु. १५,०००। र कार्यालय सहयोगी का लागि मासिक पारिश्रमिक रु. १०,०००। प्रदान गरिनेछ ।

४.३ सेवा ब्यवस्थीत तथा सुचना अभिलेखीकरणका लागि १ थान कम्प्यूटर, १ थान टेवल,१ थान प्रीन्टर र २ थान दराजको ब्यवस्था लमही नगरपालिकाले सो कार्यक्रम अन्तरगत गर्नेछ ।

४.४ अन्य आवश्यक पुर्वाधार लमही अस्पताले ब्यवस्था गर्नु पर्नेछ ।

४.५ कार्यक्रम अन्तरगत कर्मचारी छनोट प्रकृयाका लागि लमही नगरपालिकाको संयोजकत्वमा इलाका प्रशासन कार्यलय लमही र लमही अस्पताल को सदस्य रहने गरि ३ सदस्य पदपुर्ति समति गठन गरिनेछ । सो पदपुर्ति समितिले आवश्यक कार्यविधि तयार गरि बिषयगत विज्ञ समेत आमन्त्रण गर्न सक्नेछ ।

**५. आर्थिक प्रशासन सम्वन्धी ब्यवस्था ।**

५.१ लमही नगरपालिकाको चालु आ.व. २०७४ ।२०७५ का लागि विनियोजित निशुल्क स्वास्थ्य सेवा कार्यक्रम रु. ५० लाखको सिमा भित्र रही खर्च गर्न सकिनेछ ।

५.२ सो रकम खर्च गर्दा आर्थिक प्रशासन कार्यविधि, योजना एबं कार्यक्रम संचालन कार्यविधि २०७४ लगायतका आवश्यक कार्यविधिको अधिनमा रही संचालन गर्नुपर्नेछ ।

५.३ यस कार्यक्रम लमही नगरपालिका स्वास्थ्य शाखा मार्फत लमही नगरपालिकाले संचालन गर्नेछ ।

५.४ यस कार्यक्रम अन्तरगतको लेखा तथा प्रगति प्रतिबेदन लमही नगरपालिका आफैले तयार गर्नेछ ।

५.५ यस वाहेकका थप आवश्यक आर्थिक प्रशासन सम्वन्धी काम आर्थिक ऐन नियम बमोजिम हुनेछ ।

**६. वित्तीय अनुसासन सम्वन्धी ब्यवस्था ।**

६.१ निशुल्क स्वास्थ्य सेवा लिने ब्यक्तिहरुको पारदर्शिता अभिलेखिकरण राखी मासिक रुपमा सार्बजनिक गरिनेछ ।

६.२ कार्यक्रम अन्तरगतको आय ब्यय तथा प्रतिबेदन सार्बजनिक गरिनेछ ।

६.३ नगर सभाले स्वीकृत गरेको कार्यक्रम तथा बजेट हुनपर्ने छ ।

६.४ स्वास्थ्य सेवा प्रवाहको गुणस्तर र सुशासनमा उच्च जोड दिनुपर्ने छ ।

६.५ कार्यक्रमको निरन्तर अनुगमन र मुल्याङ्कन नगर प्रमुख, उप प्रमुख , प्रमुख प्रशासकीय अधिकृत र स्वास्थ्य शाखाको प्रमुखको संयुक्त टोलीले गर्नेछ ।

**७. निर्देशिका संसोधन तथा खारेजी सम्वन्धी ब्यवस्था ।**

७.१ निशुल्क स्वास्थ्य सेवा कार्यक्रम संचालन निर्देशिका आवश्यकता बमोजिम संसोधन तथा खारजी लमही नगर कार्यपालिका बैठकले गर्न सक्नेछ ।